लुम्बिनी प्रदेश सरकार

## मिति २०८१/११/०४ गतेको १५३ औं सचिव बैठकका निर्णयहरु:

१. मिति २०८१/११/०५ मा हुने सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणलाई व्यवस्थित बनाउन सबै मन्त्रालयले आवश्यक सहयोग तथा समन्वय गर्ने। साथै प्रधानमन्त्रीज्यूबाट लुम्बिनी प्रदेश सभामा हुने सम्वोधनमा सबै सचिवज्यूहरु अनिवार्य उपस्थित हुने,

२. प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने प्रस्तावहरु बैठक हुने दिन भन्दा कम्तिमा एक दिन अगाडि अनिवार्य पठाउने,

३. सबै मन्त्रालयका सचिवहरु लुम्बिनी प्रदेशको राजधानी देउखुरीबाट बाहिर जाँदा अनिवार्य रुपमा प्रमुख सचिवज्यू र विभागीय मन्त्रीज्यूहरुलाई अग्रिम जानकारी गराउने/अनुमति लिने,

४. प्रदेश सरकारवाट निर्माण भएको तर प्रयोगमा नआएका संरचनाहरुको अवस्था सम्बन्धमा हाल जारी रहेको अध्ययन पूरा गरी गराई उक्त संरचनाहरुको उपयोग सम्बन्धी प्रस्ताव सहितको प्रतिवेदन प्रदेश योजना आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

प्रमुख सचिव